नेपाल सरकार
# गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

## प्रेस विज्ञप्ति

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/१२/०९ गतेको निर्णय बमोजिम जारी गरिएको आदेश कार्यान्वयनको सिलसिलामा केही सानातिना समस्याहरु देखिएका र सो को शीघ्र समाधान गर्न यस मन्त्रालय निरन्तर क्रियाशील रहदै आएको छ । यसै क्रममा विदेशबाट नेपालमा आएर देशका विभिन्न स्थानहरुमा Trekking लगायतका कार्यमा संलग्न पर्यटकहरु यातायात आवागमन रोकिएको कारण अलपत्र परेको हुँदा उनीहरुलाई हवाई वा स्थल सवारी साधनहरुबाट उद्धार गर्ने कार्य भइरहेको छ । यसै क्रममा मुस्ताङ, कास्की, सोलुखुम्बु लगायतका विभिन्न जिल्लाहरुमा अलपत्र परेका विदेशी पर्यटकहरुलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समन्वयमा हवाई तथा स्थल सवारी साधनहरु मार्फत हिजै देखि उद्धार गरी ल्याउने कार्य भइरहेको छ । देशका विभिन्न स्थानबाट उद्धार गरी काठमाण्डौं ल्याइएका ३०७ जना विदेशी पर्यटकहरुलाई जर्मन दुतावासले व्यवस्थापन गरेको कतार एयरवेजको विमान मार्फत आजै उनीहरुको देशमा पठाइएको छ। यसको साथै विभिन्न निर्माण सम्बन्धी कार्यहरु रोकिएको कारण कामदारको रुपमा कार्य गरिरहेका र हाल अलपत्र परेका नेपाली नागरिकहरुलाई आफ्नो आफ्नो गृह जिल्लासम्म उद्धार गरी पुऱ्याइदिन स्थानीय प्रशासन र सुरक्षाकर्मीहरुलाई निर्देशन गरिसकिएको छ । यसै क्रममा हालसम्म रुपन्देही, बाँके, लमजुङ, पर्वत, कास्की, स्याङ्जा, दैलेख, तेह्रथुम लगायतका जिल्लाबाट उद्धार भैसकेको छ भने अन्य जिल्लाहरुमा त्यस्ता अलपत्र परेका नागरिकहरु भए उद्धार गर्ने कार्यमा समन्वय गर्न निर्देशन दिइएको छ ।

फोहोरमैला व्यवस्थापन गर्ने कार्य आवश्यक सेवा अन्तर्गत पर्ने भएकोले काठमाण्डौं उपत्यकाको फोहोर विसर्जन गर्ने स्थल नुवाकोट जिल्लाको ओखरपौवामा केही समस्याहरु देखिएका थिए । यस क्रममा काठमाण्डौं महानगरपालिकाका प्रमुख समेतको उपस्थितिमा आज यस मन्त्रालयमा छलफल गरी समस्या समाधानको लागि

नेपाल सरकार
# गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np
सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

महानगरपालिकाले स्थानीय तहहरुसंग आवश्यक समन्वय गरी बाधा अवरोध हटाउने र फोहोरमैला विसर्जन गर्ने कार्यलाई सुचारु गराउनको लागि स्थानीय प्रशासन र सुरक्षा निकायहरुले आवश्यकताअनुसार सुरक्षा व्यवस्था मिलाउने निर्णय गरिएको छ। साथै आजै सुरक्षा निकायका प्रमुखहरुसंग बैठक बसी मालबाहक सवारी साधनको आवागमनका विषयमा देखिएको द्विविधा अन्त्य गर्न औषधी, खाद्यवस्तु, पानी, दुध, फलफुल, तरकारी, पशुपंक्षी र माछाको दाना, कुखुराको चल्ला ढुवानी गर्ने र फर्केर जाने सवारी साधनलाई सुचारु गर्ने, यस्ता सवारी साधनले यात्रु ओसारपसार गर्न नपाउने गरी कार्यान्वयन गर्न स्थानीय स्तरमा खटिएका सुरक्षाकर्मीलाई ड्युटीमा खटिनु भन्दा अगाडी दैनिक रुपमा जानकारी गराउन समेत निर्देशन दिइएको छ ।

यस मन्त्रालयसंग सम्बन्धित कुनै गुनासो, सल्लाह एवं सुझावहरु भए टोल फ्रि नम्बर ११४९ मा सम्पर्क गर्नुहुन समेत सबैमा हार्दिक अनुरोध गरिन्छ ।

केदारनाथ शर्मा
सह सचिव/प्रवक्ता

मितिः २०७६।१२।१४